RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 50 अंक - 7 दिसम्बर 2021 मासिक पत्रिका मूल्य 9/- पृष्ठ 12

## गोर्खाली सुधार सभा

रिसालदार राम सिंह पंवार ओ.बी.आई. द्वार

## माननीय राज्यपाल सित सभा अध्यक्ष, गोर्खाली सुधार सभा तथा शाखा अध्यक्ष हरुको भेटघाट





उत्तराखण्ड राज्यको स्थापना दिवसको अवसरमा सभाका
प्रतिनिधिहरु **Gen Bipin Rawat CDS** सित



स्थानिय विधायक श्री काव को अभिवादन अध्यक्ष खलंगा
समिति अनि अध्यक्ष गोर्खाली सुधार सभा द्वारा

17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

17 अप्रैल 1938
गोर्खाली सुधार सभा
देहरादून
वर्ष –50, दिसम्बर 2021

सम्पादक
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

विशेष सहयोग
श्रीमती प्रभा शाह

स्वामी/मुद्रक/प्रकाशक
अध्यक्ष
गोर्खाली सुधार सभा

मुख्य कार्यालय
गोर्खाली सुधार सभा
मेजर धनसिंह थापा परमवीर चक्र मार्ग,
गढ़ी कैन्ट,
देहरादून
फोनः 0135–2756070,
9897440879

वितरक
सभा शाखाध्यक्ष
डिजाइनिंग टाइप सेटिंग
विमला थापा

प्रकाशन कार्यालय
वाणी प्रिंटिग प्रेस, धोसी गली,
देहरादून, उत्तराखण्ड

नोटः पत्रिकामा प्रकाशित लेखहरूको लागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

# सम्पादकीय

इतिहास कुनै पनि जातिको समाज अनि समुदायको अस्तित्वको, खड़ेरी (बुनियाद) हुन। इतिहास छ त अस्तित्व छ। यसबारे यहि प्रत्यक्ष प्रमाणित हुन्छ सभा द्वारा नै सम्हाली राखेका, दस्तावेज (डक्युमेन्ट) बाट आफ्नो 83 वर्षको यात्रामा, समाज सम्बन्धित, धेरै यस्ता दस्तावेजहरू उपलब्ध छन् जसले हाम्रो त्यस समयको समाजको, महानुभवहरूको सोंचको ज्ञान पाइन्छ, भाषा प्रति, संस्कार संस्कृति कला अनि विकास प्रति इत्यादिको। मार्च 1971 देखि सभाको आफ्नो त्रयमासिक पत्रिकाको प्रकाशन शुरू भएको थियो र आज यो नियमित मासिक पत्रिकाको रूपमा प्रकाशित भइ रहेको छ। यो गर्व मान्नु पर्ने विषय हो। समाज र युवाहरूको अभिरूची नभएर पनि, पत्रिकामा प्रकाशित हुने सामाग्रि बेसी नभएर पनि 12 पृष्ठको येन केन प्रकारेण मर्न दिएको छैन। जिउँदो छ तर विकास भएको छैन्। रंगिन फोटोले सजिएको आवरण भएता पनि भित्रको गुदीलाई ज्ञानवर्दक बनाउन सकेको छैनौं। यहि जानकारी पुर्‍याउने उदेश्यले सभाले पत्रिको यो अंक, यसै पत्रिका प्रति समर्पित छ जसमा केही सामाग्रि त्यस समयको अंकहरूबाट लिइएको छ, त्यस समयको महानुभावहरूको सोंच र कामको आभाष दिइन्छ। कथा, कविता, लेख, व्यंग इत्यादि समाजकै परिवेशमा मुछिएको हुन्थ्यो। सभा प्रति सकारात्मक सोंचमा कमि पनि हुन्थ्यो जो स्वभाविक हुन्। धेरै – धेरै ऐतिहासिक कदम त्यस समयका महानुभावहरूले उठाएका थिए जसको कारण अहिले सम्म सभाको कार्यप्रणाली, कार्यशैलीमा त्यहि सोंच र समर्पित भावनाको आभास पाइन्छ। युवाहरूको योगदान पनि अतुल्य हुन्थ्यो जो अहिलेको परिवेशमा 'छ' भन्ने किटान गर्न सकिन्न। यस पत्रिकाको माध्यम बाट यस्तै सन्देश दिन प्रयास छ। त्यो गौरवपूर्ण हाम्रो अस्तित्व र कार्यशैलीहरूलाई हाम्रो जीवनको दिनचार्यमा जोडौ, आफ्नोपनको तातो न्यानो आभास पुर्‍याँउन, सकौं। 2020 राष्ट्रिय शिक्षा नीति (**National Education Policy - 2020**) ले सबै भन्दा ठुलो विकासको बाटो खोलि दिएको छ, प्राथमिक शिक्षा आफ्नो मातृभाषामा हुनु पर्छ। हामी सबैले यो सोंचको स्वागत गर्नु पर्छ र अमलमा ल्याउनु पर्छ। जुन स्कूलमा पढ़े पनि जुन भाषामा पढ़े पनि, आफ्नो भाषाको ज्ञान हुनु पर्छ। आफ्नै मातृभाषामा सोच्नु पर्छ। त्यो भन्दा सजिलो अरू केहि हुन सक्दैन। सभा, संघ, संगठन अनि कुनैवर्गले पनि आयोजन गर्ने उत्सव कार्यक्रमहरू सबै हाम्रो आफ्नो संस्कार संस्कृति भाषा, साहित्य आदिमा आधरित हुनु पर्छ। अरूको भाषा पनि सिख्नु पर्छ, त्यो पनि अतुल्य ज्ञान हो। बहुभाषी, बहुसंस्कृति सित हातेमालो गर्दै अधि बडनु पर्छ। तर यसले आफ्नो भाषा र संस्कृतिक कमजोर नबनोस्। यस अंकमा पुनः प्रकशित सबै रचनाहरू पडनु होस। केहि न केहि आखाँ खुल्ने छ की!!

## अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

समयको गतिलाई कसैले रोकी सक्दैन। निरन्तरता सित बढ़िरहन्छ कसैलाई नपर्खी। तर हर समयमा केहि अवसर केहि चुनौती सबैलाई प्रदान गरि रहेको हुन्छ। सफल ती हुन्छन् जसले समयको साथ आउने अवसर चुनौतीलाई साथ लिएर समय सित हिड़यौ भयौ सफलतालाई कसैले रोक्न सक्दैन। दुई वर्ष बिती सकेछ समयले ल्याएर हामीलाई हराउने चहाने कोविद –19 लाई हामी माझ छाड़ेर गएको। यो चुनौती अभूतपूर्ण थियो जसको बारेमा बताई रहनु नपर्ला हो। त्यस्तो महामारीमा यो चुनौती लाई अवसरमा बदलिएर, कोविद–19 लाई हराउन सफल भयौ तर अहिले सम्म विजयी बनैको छैनौ। त्यसरी नै यस्तो चुनौती र अवसर, एक व्यक्तिगत रूपमा, समुदायको रूपमा, समाजको रूपमा आई रहन्छ, यो हामी सबैले भोगेका छौं। यसरी नै वर्ष 2021 पनि आफ्नो यात्रा समाप्त गरि अर्को वर्षको दलानमा पुर्याई सकेको छ। एक नयाँ अनुभूती र दृड़सकंल्प सित एकभएर यो यात्रामा अधि बड़ौ, एकमतसित अनि एउटा सपनासित। सपना के हो अनि के हुनु पर्छ, हामी आफैले रोज्नु पर्छ। अनि त्यो सपनामा हाम्रो अस्तित्व, हाम्रो विकास, हाम्रो सुदृड़ता सबै गाँसिएको हुनु पर्छ। अनि यो सपना हामी लाई सुत्नु होइन् तर जगाउने होस्। अरूकै सपना बोकेर अहिले सम्म हिंडी रह्यौं । नभुलौं, अरूको सपना बोकेर हिड़यौ भन्यौं, अरूके सपनाको ससांरमा पुग्ने छौं। यसर्थ यत्रो वर्षको अनुभूतीले हामीलाई आफ्नै बाटोले, आफ्नो सपनाको दुनियामा हिडाउने छ। आफ्नै बाटोमा आफ्नो गन्तब्यमा हिड़नु सक्नु पर्छ जसले हामीलाई आफ्नै सामर्थमा गन्तब्यमा पुग्न सक्षम बनाउने छ।

## महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

यो वर्ष पनि आफ्नो यात्राको दलानमा पुगी सक्यो। गत दुइ वर्ष चुनौतीपूर्ण रह्यो, समाजको सुक्ष्म स्तर देखि लिएर राष्ट्र अनि विश्व स्तर सम्म। यसको प्रभाव सबैमा पर्‌यो, सबैले भोग्यौं। स्वस्थ, आर्थिक, व्यवसाय, शिक्षा, सामाजिक व्यवस्था इत्यादि कुनै पनि अछूत रहने। यद्यपि समय जस्तै, ईश्वरको सबै सृष्टि एकनास सित अधि बड़ि रहयो। चुनौती विश्वव्यापी महामारी कोविंद–19 को प्रकोप अनि छिमेकी देशसित तनाव पूर्ण वातावरणको कारण थियो। तर यो अवश्यै एउटा ज्ञान थियो जो हामीले भोगेर सिक्यौं, अनि यो अमिट रहने छ। सत्य हो समय कहिले रोकिन्दैन, त्यस्तै ईश्वरको सृष्टि कहिले पनि रोकिन्दैन त्यसमा मानव तथा जीव जन्तु सबै छन्। हर वर्ष आउँछ – जान्छ यसरी नै हाम्रो आवश्यकता, यसको पूर्ती, समस्या, यसको समाधन साथै चुनौती आदि हाम्रो यात्रामा आउने सत्यता हो। यसमा सफलता बिफलता साथै सबै लुकेको छ। अनि परिणाम जे भए पनि हामीले स्वीकार्नु नै पर्छ र यसैको साथै जीवनको यात्रालाई गति पाँउछी। यसले चुनौती सित जुझेर विजयी बन्ने विश्वास दिन्छ अनि विजय (सफलता) अवश्यै प्राप्त हुन्छ। यसर्थ, हरेक नयाँ वर्षको शुरूमा हामीले लिने **(Resolution)** प्रस्ताव, प्रण, संकल्प लिनुपर्छ समय सित आउने क्षणहरूसित जुझ्न सिकौं, दृड़ संकल्प, आत्मा विश्वाास, निरन्तरता तथा सकारात्मक सोंच नै सफलताको कड़ी हुन्। समय छ हामो यात्रा पनि यहि प्रणहरू, संकल्प, सोंच, आत्मा विश्वास सित जोड़एको छन् जसले हामीलाई सफलमात्र होइन, सुदृड़ र बलियो बनाउनै छ।

# अंतरंग सभा 13 नवम्बर 2021 गोर्खाली सुधार सभा

1. गत् माहको अंतरंग सभा 13 नवम्बर 2021 बिहान 11 बजे जनरल मानेक्शॉ सभागारमा माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा आयोजन भयो। अंतरंग सभाको विवरणहरू यस प्रकारले छः–

क) **स्वागत सम्बोधन** – महामंत्री श्री गोपाल क्षेत्रीज्यूले अंतरंग सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीय कार्यकारिणी, पूर्व अध्यक्ष तथा आमंत्रित सदस्यहरूको स्वागत अभिन्दन जनाउनु भयो तथा उपस्थिती निम्ती आभार व्यक्त गर्नु भयो।

ख) **दिवंगतहरू प्रति श्रद्धांजली** – विगत माहमा दिवंगत हुनु भयेका सभा सदस्यहरूको आत्माशांन्ति तथा दुखित परिवारले यो पीड़ा सहने शक्ति पावोस भनेर दुई मिनटको उपस्थित महानुभावहरूले मौन शांति प्रार्थना गर्नु भयो। दिवंगतहरूको सूची :–

| | | | |
|---|---|---|---|
| i) | श्रीमती पशुपति शाही | कारबारी | 22/10/2021 |
| ii) | श्री संदीप गुरूंग | रायपुर | 24/10/2021 |
| iii) | श्री चितांमणि शर्मा | इन्दिरानगर | 26/10/2021 |
| iv) | श्री प्रेम सिंह | थापासेवली | 08/11/2021 |
| v) | श्री दीपक ठाकुर | त्यूनी | 12/11/2021 |

2. क) आमंत्रित अतिथि – श्री दीपक कुमार बोहरा, अध्यक्ष, बलभन्द्र खलंगा विकास समितिको प्रत्येक वर्ष खलंगा महोत्सव, परम्परा अनुसार भई रहेको छ। विगत वर्ष कोविड कारणले यो आयोजन हुने सकेन। 28 नवम्बर 2021 मा यस वर्ष मेलाको आयोजन गरी रहेको छौ। धेरै भन्दा धेरै सदस्यहरू आयोजनमा पुग्नु होला भनेर निमंत्रण गुर्न भयो। मेलाको सफल आयोजन निम्ती आर्थिक सहयोग तथा लाटरी टिकट किन्ने प्रार्थना गर्नु भयो। अन्तरंग सभामा उपस्थित निमंत्रणको लागी सभा अध्यक्षज्यूको आभार व्यक्त गर्नु भयो।

ख) चन्द्रबनी मंदिर समिति को उपाध्यक्षा श्रीमती खत्री ज्युको माननीय अध्यक्षज्यूले खादा ओढाएर स्वागत गर्नु भयो तथा वहाँको सुखद भविष्यको कामना गर्नु भयो।

3. अंतरंग सभाका ऐजेण्डाहरू :–

क) शाखाहरूको वार्षिक अधिवेशन कार्यक्रम/ऑडिट चर्चा।

ख) नववर्ष आयोजन निम्ती कार्यक्र तथा खर्चा सम्पुष्टि।

ग) 26 जनवरी 2022 गणतन्त्र दिवसमा समदुायको झाँकी तथा खुकरी नृत्य बारे छलफल।

घ) AIGEWA को AGM मा आउने पदाधिकारीहरूको स्वागत तथा भोज व्यवस्था बारे छलफल।

4. क) विगत माहको अंतरंग सभा विवरण तथा सम्पष्टि – महामंत्री ज्यूले विगत माहको

अंतरंग सभाको कार्यवाही सभा समक्ष – प्रस्तुत गर्नु भयो साथै सभाले सम्पुष्टि दियो। महामंत्रीज्यूले सबै महानुभावहरूको आभार व्यक्त गर्नु भयो।

ख) विगत माहको आय–व्ययको विवरण तथा सम्पुष्टि–कोषाध्यक्ष महोदयले विगत माहको आय–व्ययको व्यौरा सभा समक्ष प्रस्तुत गर्नु भयो, सभाले सम्पुष्टि दियो।

5. सभामा भयेका पत्राचारहरूः–

क) सभा परिसरमा किरायेदार श्रीमती कृष्णा थापा पत्नी स्व. मोहन लाल थापालाई आनधिकृत व्यक्तिहरूको प्रवेश निर्पध तथा परिसरमा वस्तुहरू बाहिर नराख्नु लागी निर्देश गरेका छौ।

ख) नेपाल राजाले गुरूरामरायलाई दियेको पाण्डुलिपी अनुवादगर्नु निम्ती नेपाल सरकारलाई पत्र दिये का छौं।

ग) उत्तराखण्ड सवएरिया, जी.ओ.सी. सित भेटवार्ताको आयोजन तथा पूर्व सेनिको समस्या निदान बारे आश्वासन आभार पत्र पठायेका छौं।

घ) श्यामपुर क्षेत्रका ग्रामवासीहरूले नशावन्दी आवादनलाई अदालती कार्यवाही रोक्नु निम्ती माननीय श्री गणेश जोशी केबिनेट मंत्री तथा स्थानीय विधायक श्री सहदेव पुण्डीरज्यूलाई निवेदन पत्र प्रेषित गरे का छौं।

ड.) पहाड़ी क्षेत्रमा निवासी गोर्खाहरूको राशनकार्ड, वोटर कार्ड तथाआधार कार्ड पुनः निर्गत गर्नु निम्ती माननीय सांसद रानी सांसद राज्य लक्ष्मीशाह ज्युलाई निवेदन छौं।

6. अन्य सूचना हरू :–

क) राज्य स्थापना दिवसको उपलक्ष्यमा सी.डी. एस जनरल विपिन रावतलाई भेटेर गोर्खाहरूको सेना सम्बन्धित निवास निम्ती भेटनु आउने आश्वासन दिनु भयेको छ।

ख) सभामा नयाँ सिलाई प्रशिक्षणको अस्थायी नियुक्ति गरेका छौं।

ग) 28 नवम्बर 2021 मा खलंगा मेलाको आयोजन हुँन्दै छ।

घ) सभाको लेखा–जोखा प्रणालीलाई आधुनिक टेली तकनीकीमा व्यवस्थित गरेका छौं।

ड.) नेपाली भाषा छ माही डिप्लोमा कोर्स उत्तराखण्ड मुक्त विश्व विधालयमा चलने छ।

7. महामंत्री को निवेदने :–

क) असैनिक परिवारका विधार्थीहरूको छात्रवृत्ति फार्म जमा भई रहेको छ। सबै शाखाध्यक्षहरूले सबै बच्चाहरूको फार्म शीघ्र जमा गर्नु होला।

ख) शाखाका सिलाई तथा कम्प्युटर प्रशिक्षण केन्द्रका प्रोजेक्ट र रिर्पोट शीघ्र जमा गर्नु होला।

ग) नेपाली भाषा डिप्लोमा प्रथम प्रयास स्वंय शाखाध्यक्षहरूले गर्नु होस।

8. उपस्थित महानुभावहरूको सुझाव :–

क) श्री पदम शाही, शाखाध्यक्ष चन्द्रबनी – गोर्खा पूर्व सैनिक का परिवारहरूको उपनल रोजगार बारे कोटा आरक्षण हुन पर्छ, हामीहरूको अनुपात बहुत कम छ। यस बारे हामीले उपनल का प्रबन्ध निदेशकलाई भेटनु पर्छ।

ख) के.डी.एस. भण्डारी, शाखाध्यक्ष क्लेमेन्ट टाउन – खलंगा मेलामा पदाधिकारीहरूलाई कार्यभर दियेको छ हामी सबैले सहयोग गरौ। स्टाल वितरण मेला स्थानमा ही ऑवटित हुने छ।

ग) श्री बुद्धि बहादुर.गुरूंग , शाखाध्यक्ष – जनरल विपिन रावत सभामा आउनु हुन्छ भने हामीहरूले सेना तथा पूर्व सैनिकका सबै समस्या राख्नु पर्ने छ।

घ) श्री लीला सिंह वली क्षेत्री, शाखाध्यक्ष चकरता – गोर्खाहरूको समस्या निवारण हामीसबैले माननीय प्रधान मंत्री ज्यूलाई भेटनु आवश्यक छ।

च) श्री विजय भट्टराई, आमंत्रित सदस्य कौलागढ़ – अन्य समुदायका सैनिकहरू गोर्खा भयेर रिटायर्ड भयेका छन, कृपया वहाँको बच्चाहरूको गोर्खा सदस्यता नबनाउनु होस।

ड.) श्री टी.डी. भुटिया, पूर्व राज्य मंत्री –हामीले सैनिक कल्याण मंत्रीलाई भेटेका छौं वहाँले आश्वासन दिनु भयेको छ। कोरोना बिमारीले बचाव गर्नु निम्ती आज हामीले कन्सन्टेटर सभा लाई प्रदान गरी रहेको छौं।

च) <u>**कर्नल जीवन कुमार क्षेत्री, सम्पादक**</u> – रेडियो घाम छाया प्रसारण सुचारू रूपले चली रहेको छ। टाडाका परिवारहरूले गुगलमा गएर सुन्न सक्नु हुने छ। प्रसारणको सफलता श्रोताहरूको प्रतिक्रियाले हुन्छ। भागोपको त्रैवार्षिक अधिवेशन कोकराझार आसाममा हुन्छै छ। इच्छुक महानुभावले हामीहरूसित सम्पर्क गर्नु होला। उत्तराखण्ड मुक्तविश्व विद्याल्यले परीक्षा व्यवस्था गरेको छ हामी सबैले यो प्रयासलाई सफल बनाओं।

छ) के. आर.एस.थापा, सहयोजित सदस्य – कोरोना प्रभावित मृतक परिवारले अनुदान राशि पाई रहेको छ, थोड़ा प्रयास गर्नु पर्छ। आधार, कार्ड, मृत्यु प्रमाणहरू जमा गर्नु पर्छ। अत्यंत गरीब परिवारका मुखिया बिते पछी हामीहरूले यथा सम्भव सहयोग गर्नु पर्छ।आउने वर्षमा राज्य विधायक चुनाव हुन्दै छ, गोर्खा सदस्यले नामांकन गरे पछी हामी सबैले वहाँलाई सके सम्मको सहयोग गर्नु पर्छ।

ज) क. सी.बी.थापा, पूर्व अध्यक्ष – AIGEWA (एग्वा) को वार्षिक अधिवेशन भई रहेको छ। यसको अध्यक्ष यहाँ देहरादून के हुन पर्छ। अधिवेशनमा भाग लिने पदाधिकारीहरूलाई हामीले पनी स्वागत सम्मान गर्नु जरूरी छ। खलगा मेलामा हामी सबैले आफ्नो उपस्थिती देखाउनु पर्छ।

ञ) श्री जोगेन्द्र शाह शाखाध्यक्ष– गोर्खाहरूको समस्यामा परि रहेको छन्। यो मुद्दालाई सबै संध/संस्था/समितिले पनि उठाउनु पर्छ।

9. माननीय अध्यक्षको सम्बोधन :– अध्यक्षज्यूले अंतरंग सभामा उपस्थित महानुभावहरूको स्वागत गर्नु भयो। उपस्थित सदस्यहरूलाई अंतरंग सभाको बून्दाहरूमा छलफल गरी सबैले सकारात्मक सहयोगको आभार व्यक्त गर्नु भयो।

क) शाखाहरूको वार्षिक अधिवेशन भन्दा पहिला सबै शाखाध्यक्षले ऑडिट गरानु आवश्यक छ। कार्यक्रम सुनिश्चित गरे अनुसार तैयारी गर्नु होस। सबै शाखाध्यक्षहरूले सहमति दिये।

ख) नयाँ साल हामी विशेष कार्यक्रम राख्ने छैन। सामान्य रूपलेआयोजन गर्ने छौं।

ग) 26 जनवरी मा प्रशासन को आमंत्रणमा हामी सहभगिता गर्ने छौ। हाम्रो आव्हानमा शाखाध्यक्ष तथा उपजाति समितीहरूलाई पनि साथ लिने छौं।

घ) AIGEWA को वार्षिक अधिवेशनमा हामीले स्वागत तथा भोजको व्यवस्था परमपरा अनुसार गर्ने छौं यो कार्यक्रम सभामा हुने छ। गोर्खा समाज का समितिहरूको अध्यक्षलाई हामी निमंत्रण गर्ने छौ खर्चाको लागी सभाले सम्पुष्टि गऱ्यो।

ड.) खलंगा मेलामा प्रशासनको सहमति आएको छ। 28 नवम्बर 2021मा मेला आयोजन हुने छ। समितिले हामीलाई निमंत्रण दियेको आभार छ।

च) गोर्खा मिलट्री इन्टर कॉलेज (GMIC) को वार्षिक अधिवेशनमा सभाका पदाधिकारीहरूले सदस्यता लियेका छन, हामीले पनि सुझाव दियेका छौं।

छ) केन्द्र सरकारले पद्धमश्री सम्मानले सम्मानित गरेका गोर्खालीहरू श्री जीतु राई, श्री लील बहादुर क्षेत्री तथा तरूणदीप राईलाई धेरै बधाई छ। फुटबलका खेलाडी श्री सुनील क्षेत्री खेल रत्न तथा मुक्केबाज कोच श्रीमती संध्या गुरूंगलाई द्रोणाचार्य सम्मान पाएकोमा बधाई छ।

ज) राज्य स्थापना दिवसमा सभाका पदाधिकारीहरूले जनरल बिपिन रावत, राज्यपाल, मुख्यमंत्री, जी.ओ.सी., पुलिस महानिदेशक तथा अन्य प्रशासनिक अधिकारीहरू संग शिष्टाचार भेट गरे।

झ) 03 नवम्बर 2021 मा राष्ट्रीय सैनिक संस्थानले पूर्व सैनिक सम्मेलनमा राज्यपालको उपस्थितीमा सभाका

पदाधिकारीहरूलाई आमंत्रित थिए जसमा सभा अध्यक्षले पनि व्क्त्यव दिए।

ञ) गोर्खा बिग्रेडकोको निमत्रंण भयो हामीले दियेको बूदाहरू राख्ने विचार छ। पत्र हामी पूर्वमा पठाई सकेका छौं।

ट) टिहरी सांसद महारानी माला राज्य लक्ष्मी शाह ज्यूको सासु आमाको निधनमा सभा अध्यक्ष तथा कार्यकारिणीले सान्तावना उनको घरमा गएर दिनु भए। उत्तरकारीमा गोर्खाहरूको समस्या बारे जानकारी दियेर वहाँले निवारन बारे सहयोको आश्वासन दिनु भयो।

ठ) सामुदायिक रेडियो स्टेशन घाम छायाको प्रसारण भई रहेको छ। माननीय राज्यपालले उद्घाटन गर्नु भयेको थियो। रेडियो स्टेशन किराया वर्तमानमा सामान्य छ अब किराया पनि वृद्धि हुने छ।

ड) 03 नवम्बर 2021 मा राष्ट्रीय पूर्व सैनिक समितिको तत्वाधानमा माननीय राज्यपाल ले.जनरल गुरमीत सिंहको उपस्थितीमा ले.जनरल शक्ति गुरूंगको अध्यक्षतामा भव्य आयोजन भयो पूर्व सैनिकहरूको समस्या बारे ज्ञापन दिनु भयो वहाँले सम्भव सहयोगको आश्वासन दिनु भयो।

अंतमा उपस्थित महानुभावहरूका आभार व्यक्त गर्दै माननीय अध्यक्ष ज्यूले सभा समापन को घोषणा गर्नु भयो।

**(सन् 1971 मा सभा बाट प्रकाशनमा आउन लागेको त्रयमासिक पत्रिकाको पहिलो केही बाट लिइएको लेखादिहरू)**

# आदि कवि भानुभक्त र देहरादूनमा हाम्रो मातृभाषा

कवि भानुभक्तको परिचय खोज्न धेरै टाड़ा नगएर उनले स्वयं आफ्नो कलमबाट दिएको परिचय नै यथेष्ट छ ।

''पहाड़को अति वेस देश तनहुंमा श्रीकृष्ण ब्राह्मण थिया।
खुब उच्चकूल आर्यवंशि हुनगै सत्कर्ममा मन दिया।।
विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया।
इन्को नाति म भानुभक्त भनी हूँ यो जानि चीन्ही लिया।।''

कवि मोतीराम भट्टले दिएको हुलियाले भानुको गाउँ वर्णन दिन्छ।

''भानुभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊँ पनि।
घर तिनको तनहूँ बेसिं हो गाउँ छ रम्धा भनि ।"

उनको जन्म वि० स० १८७१ को २६ भाषाड़को दिन भएको थियो। आफ्नो बाजे श्रीकृष्णका हेरचाहामा उनले अध्ययन समाप्त गरेका थिए। एउटा घाँसी सगको क्षणिक वार्ताले प्रभावित भएर उनका आन्तरिक उद्‌गार स्वतः कविताका रूपमा पोखियो ।

भर्जन्म घांस तिर मन्दिइ धन् कमायो।
नाम केही रहोस पछि भनेर कुवा खनायो।।
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो।
म भानुभक्त धनी भैकन आज यस्तो।।

मेरा ईनार न त सत्तल पाटि केही छन् ।
जे धन् र चीजहरू छन् घर भित्रनै छन् ।
त्यस् घाँसीले कसरि आज दिएछ अर्ती ।
धिक्कार हो ! मकन वस्तु नराखी कीर्ती।।

त्यस अनपढ़ घाँसीको प्रेरणा पाएर भानुभक्त नेपाली जगतमा आदि कवि भए । उनका जीवनकालमा वाल्मीकिको 'रामायण'' तथा ''रामगीता'' का भाषा श्लोकको मौलिक रचना 'भक्तमाला' 'शिक्षा' र ''भानुभक्तीय प्रश्नोत्तरी'' काव्यरूपमा र अनेकों फुटकर कविताहरू कलमबाट कोरिए । नेपाली भाषा र साहित्यको शिलान्यास भयो। यसैका प्रभावले आज गुरुङ् क्षेत्री, ब्राहाण, मगर, राई, लिम्बु, नेवार, ठकुरी, थारू, तामांग, भुजेल, कामी, दमाई. सार्की, गाईने आादि सबै एउटै व्यापक नेपाली'' भनि पुकारिन्छन् र सबैले एउटै भाषा बोल्छन् नेपाली भाषाले साहित्यको रूप पाएको र भावना फैलाएको यिनका रचनाहरू हुन् यसमा दुई मत छैन।

नेपाल देखि बाहिर बस्ने नेपालीहरूले त्यहि नेपाली संस्कृति, साहित्य र जातिलाई आफ्ना मानेको छन् ' कुनै पनि जातिको अस्तित्व दृढ़ राख्नु छ भने त्यस जातिको भाषा तथा संस्कृतिको उचित जगेरा हुन पर्छ'' भन्ने तथ्यलाई अनुभूतिमा ल्याएका छन्। नेपाली साहित्यको भानुले शिलान्यास गरे पछि भाषा र साहित्यको विकासमा वर्तमान पुस्ताले कति प्रयास गरे त्यो आजसम्म प्रकाशमा आएको लाखों पुस्तकादि—काव्य, उपन्यास, नाटक इत्यादिले प्रमाण दिएको छ अझ नेपाली भाषाको उत्पत्ति विषय लिई चौधौं शताब्दीका शिलालेख, कनकपत्र लेख र ताम्रपत्र लेख सम्मको अध्ययन गर्न हाम्रा इतिहासकार एवं साहित्यकारहरू तत्पर भएका छन् ।

भारतमा छरिएर बसेका नेपालीहरू मध्ये दार्जीलिङ्‌गमा मध्ये नेपालीहरू एक छत्र भएर बहुसंख्यामा बसेका छन् र नेपाली साहित्य निर्माण गर्न जति अंशमा दार्जीलिङ्‌गले. भाग लिएको छ त्यो अरू अंचलले लिन सकेको छैन । देहरादूनमा हामीहरू अल्पसंख्यकमा छौं— हाम्रा रीति थितीमा बहुसंख्यकका संस्कृतिको प्रभाव धेरै मात्रामा पाइन्छ । जब सम्म भाषा र संस्कृति प्रति अवहेलना रहन्छ तब सम्म जातिको उन्नति शुन्य बराबर रहने छ ।

पश्चिमी बंगालमा उच्चतर माध्यमिक (Higher Secondary) स्तर सम्म शिक्षाको माध्यम नेपाली छ तथा उत्तर बंगाल विश्वविद्यालयले एम० ए० सम्म नेपाली भाषालाई आफ्नो विषय तालिकामा समावेश गरेको छ अनि त्यहाँका जनताले नेपाली भाषालाई भारतीय संविधानको आठौ अनु सूचिमा (Eighth Schedule) दर्ता गराउन प्रयास गरेका छन् । देहरादूनका नेपालीहरूमा पनि जातीय भावना जाग्रत हुन पर्छ त्यस भावनामा भाषाप्रति प्रेम जगाउँनु पर्छ–संस्कृति प्रति आस्था बढ़ाउँनु पर्छ र भाषाको उन्नति हुन्छ।

देहरादूनमा नेपाली भाषाको उन्नतिका लागि गर्नु पर्ने कुराहरू हुन् – प्रथमकदम – स्थानीय स्कूलहरूमा नेपाली भाषालाई पाठ्य तालिका भित्र स्थान दिलाउँनू । दोस्रो कदम घरका जहान र इष्टमित्र संग शुद्ध नेपाली बोल्ने अभ्यास गराउँनु । तेस्रो कदम–दार्जीलिङ्ग, आसाम, बनारस र नेपालबाट प्रकाशित नेपाली पत्र–पत्रिका तथा पुस्तकहरूको अध्ययन गर्नु तथा बालक – बालिकाहरूलाई अध्ययन गराउनु । चौथो कदम – देहरादूनबाट नेपाली पत्रिका प्रकाशित गर्ने चाँजो मिलाउनु र अंतिम कदम – स्थानीय स्कूलहरमा नेपाली भाषाले पाठय तालिका भित्र स्थान प्राप्त गर्न सके कस्तो हिसाबले नेपाली भाषाको शिक्षा दिने । यी कुराहरू हुन् देहरादुनवासी नेपालीहरूका बहु मुखी उन्तिको प्रथम चरण ।

## हाम्रो संस्कृति र समाज

संस्कृति कुनै पनि समाज अनि त्यस समाजमा पाईने जातिको कियाकलापको संकलन हो समाज तथा जातिकोरोडको हड्डी हो जस्को आधारमा त्यहांका निवासीहरूको सामाजिक, आर्थिक अनि राजनैतिक पहलूहरूको सम्पूर्ण तत्व स्थिर रहन्छ। संस्कृति समाजको रहन–सहन, खान–पान, रीति–थिति र सामाजिक व्यवहारहरूको प्रतिबिम्व हो । मनुष्य एउटा सामाजिक प्राणी हो अनि मानव समाजको प्रत्येक कार्य संस्कृतिमान नीहित रहन्छ, अतः संस्कृतिको प्रभावमा मानवको कुनै पनि विकास सम्भव छैन ।

नेपाली संस्कृतिको जन्मस्थल उत्तर भारत नै हो जसमा नेपाली जातिको साथमा अन्य धेरै जातिहरूको संस्कृति पति प्रस्फुलित भए। विश्वको प्रत्येक जाति र समाज सुसंस्कृत र सभ्य भएर उन्नतिका शिखर तिर लम्कि रहेकाछन् । हाम्रो जाति सुसंस्कृत र सम्पन्न भएता पनि अन्यको दाँजोमा पुग्न सकेको छैन ।

कुनै क्षेत्रमा पनि हाम्रो स्थान नगण्य छैन तर हाम्रो समाजमा परम्परागत समस्याहरू छन् र नराम्रो प्रथा आज हाम्रो वर्तमान जीवनमा धेरै मात्रामा व्याप्त छ। जुवा, लगी हाम्रो समाजको अभिन्न अंग छ। हामीले साना – साना चाडबाड़मा पनि रक्सीको चलन अनिवार्य मान्छौं। हामीहरूले पैसा नकमाउने होईन, पसीना बहाएर परिश्रम खूब गर्छौं, तर हामीहरू भविष्यको लागि सोच विचार कम गर्छौं। मदिरापानको क्षणिक सुखमा परिश्रमको कमाई खोला जस्तै बगाउँछौ । हाम्रो जातिमा विद्यमान जाति प्रथा, भेद–भाव र परस्पर भने कताको भावना एकदम तीव्र छ। सा–साना कुरामा तँ भन्दा म भन्दै लड़ाई झगड़ाको निम्ति तत्पर रहन्छन्। हाम्रो समाजमा अनेक यस्ता व्यभिचारहरूको प्रभाव दिनदिने छ।

पारम्परिक रीति–तिथिहरू मान्ने हाम्रो कर्तव्य हो तर प्राचीन कुप्रथाको प्रभाव वर्तमान युवा पीढ़ी माथि भयंकर दुष्परिणाम लिएर आएको छ। दशैमा रक्सी पिउनु पर्छ, तिहारमा जुवा खेल्न पर्छ भन्ने चलन आज हाम्रो समाजमा युवावर्गको फैशन भएको छ। आधुनिक सभ्यता अनि सोसाईटीको नाँउमा माडर्न बन्ने केटा–केटी मात्र निस्केकाछन्। धूमपान, मद्यपान र जुवा तासले गर्दा हाम्रो समाजको नैतिक पतन भई रहेको छ। हाम्रा युवावर्ग सहयोग, एकता र उत्तर दायित्वको भावनाबाट टाढा गएर उदण्ड र उच्छृङ्खल भएका छन्। परस्पर घृणा र द्वोपका भावनाले गर्दा प्रायः दंगा, मारपिटको घटता साधारण भएको छ। पारिवारिक, सामाजिक, राजनैतिक कुनै क्षेत्रमा पनि शान्ति छैन । चारैतिर घोर प्रशान्ति र संघर्ष मात्र व्याप्त छ। बाबूको प्रति छोराको कर्तव्य रहेन, छोराको प्रति बाबुको ममताको छत्रछायाँ रहेन । यस्तै अनेकौं कारणहरुले गर्दा हाम्रो समाज विछिन्न भएर उक्लन खोज्दा लड़ने संभावना हुंदै छ । हाम्रो समाजको उज्वल भविष्य प्राय क्षीण प्रकाश लिएर टिमटिमाउँदै छ दुर्व्यसनहरूले गर्दा हाम्रो समाज आर्थिक दशामा अत्यन्त निम्न स्तरमा पुगी सकेको छ। नेपाली जाति प्रति समाजलाई प्रगति दाँजोमा उठाउने हो भने हाम्रो जातिमा व्याप्त परम्परा हरुको समाधान अत्यन्त अनिवार्य छ साथै कर्तव्य र धर्म पनि। समय परिवर्तनशील छ र यसका सँगसंगै मानव जीवनको अनुभूतिहरू र सांस्कृतिक रूपरेखामा परिवर्तन ल्याउनु पनि अत्यन्त आवश्यक छ। समाजको कर्मठकर्ता हरूले र समाज संचालकहरूले एकमत भएर स्वार्थ सिद्धिवाट बिमुक्त भई '' जीवन संघर्षमय छ' भन्ने उक्ति अन्तरात्मामा राखी हाम्रो जातिमा व्याप्त दुर्व्यसनहरूको विनाशका निम्ति कर्मरत भई हाम्रो समाजलाई सम्पन्न र सुसंस्कृत गराउनु परेको छ। वर्तमानमा मात्र होईन तर भविष्यमा पनि दृढ र सबल भई अघाडी बढनु पर्छा। तब मात्र हाम्रो समाजको भविष्य उज्जवल र कीर्तिमय हुनेछ ।

# धरतीको मोह

जुन घरतीको मलीलो माटोले हाम्रो शरीरको रचना भयो, जसको माटोमा, धूलोमा, हिलोमा लुटपुटिएर हाम्रो शरीरले बल पायो, पौरख पायो, जुन धरतीमा उपजेको महकीलो अन्न खाएर हामीले प्राण पार्यो, जीवन पायौ, जवानी पायौ, जुन धरतीको संग्लो खोला नालाले हाम्रो जीवनलाई गति दियो, लक्ष दियो, जुन धरतीको रमाइलो भीर पखेराले मनमा स्फूर्ति दियो, मस्ती दियो, जुन धरतीमा मुसुक्क हाँस्दै घाम झुलकन्छ, बस है भन्दै अस्ताँउ छ, जुन धरतीको गौरव, गरिमा र विपुल सुन्दरता लाई रात भरी नौ लाख तारा टुलुटुलु हेरी बस्छन्; जुन धरतीको फॉटिलो विस्तृत काखमा जुनेली रात पोखिएर विश्राम गर्छ र जीवनको अन्तिम घडिमा जुन धरतीको पानीको दुई थोपा मुखमा चुहाएर हामी आफुलाई धन्य मान्छों, आज त्यही धरतीको पवित्र प्रांगनलाई पाकिस्तानका पाखण्ड तानाशाहीले अपवित्र तुल्याउने चेष्टा गरयो ।

शत्रुको यस्तो कुचेष्ठाको जवाबमा हामीले हथियार उठायौं। हामीले शत्रुको मुटुमा, कनपटीमा पूरा शक्ति लगाएर कसेर प्रहार गरयों मर्ममा घातक चोट खाएर शत्रु थलो परेर घोटियो । आज त्यो चिसो मुर्दाको रूपमा सीमान्तपारी लम्पसार परेको छ । तानाशाहको नाश भयो, शान्ति प्रिय प्रजातन्त्रको विजय भयो ।

आज यस विजयको घडिमा हामी सलाम राछौं ती बीर देशभक्त सेनानीहरुलाई जसले एकमत भएर शत्रुलाई पराजयको पाठ पड़ायौ। हामी सलाम गर्छौं। बीर योद्धाहरुलाई जसले हाम्रो भारतको पवित्र धरतीबाट शत्रुलाई खदेडी उनको जंगी बेडालाई समुद्रको नुनीलो पानी चखाए जसले शत्रुको वायुसेनाको पखेटा काटेर भुमिमा खसाले, जसले शत्रुको स्थल खल्लो माटो चखाए।

आज हामी कृतज्ञतापूर्वक, शिर निहुराएर श्रद्धाँजलि असर्ग गदै सलाम गर्छौ। यस पावन धरतीको मायालु बीर छोराहरूलाई जसले यस घरतीको माटोले बनिएको आफ्नो अनमोल शरीरलाई यसै घरतीको स्वतन्त्रता एवं सुरक्षाका निम्ति वलिदान दिए ।

# बारह छोरा तेरह नाती.

"रामु ! धेरै हामीहरुलाई किन खाँचो परयो र? तिम्रा बाले नाती पनातीका पाला सम्म पुग्ने घर पर जमीनको जोहो गरी गएका छन् ।। हामी दुई आमा छोरालाई यस कुरामा अलिकति पनि चिन्ता छैन, बरु तिमी पाठशाला जाने गर – खूब ध्यान दिएर पढ़। धेरै पढेर विद्वान भएर आफ्नो घर, छिमेकी, गाउँ तथा देशबासीहरूलाई सुखी बनाउनमा समर्थ हुनु पर्छ।'' आफ्नो आमाको अर्ती सुनेर रामुको हृदय र आशाले गदगद भयो । रात भरी निद्रा लागेन छटपटाई रह्यो । उसले मनमनै विचार गर्‍यो कि खूब ध्यान दिएर पढ़नेछ धन छ कमाउने छ, जाति सेवा गर्ने छ तथा तन मन धनले लोक सेवा गर्ने छ । मामाको प्रबल मनोकामनालाई पूर्ण गर्नकालागि रामुले पढ़ाई प्रारम्भ गऱ्यो । बडो निष्ठा संग परिश्रम गरी उसले २२ वर्षेको अवस्थामा एम० ए० परीक्षा उत्तीर्ण गर्‍यो

हठिलो कठिलो डिलडौल नवजवान रामुलाई देखेर त्यसै गाउँका महाजन कुबेर सिंह कार्कीले मनम आफ्नो एकमात्र कन्याको हात दिनु पर्छ कि भनेर घेरै कुराहरु सोच्न थाले । उनकी छोरी रूपवती १८ वर्षको मस्त्र तरूणी थिइन । कुबेर सिंहले आफ्नो हृदयको बल्दो बेगलाई घेरै दिन सम्म रोक्न सकेनन् । एक दिन मौका पारेर तिनले आफ्नो मनको कुरा रामुलाई भने। कुबेर सिंहको भावनाले रामुमाथि ठुलो असर पर्‍योले चारतिर रुपवती मात्र देख्न थाल्यो। रूपवती राम्री वि–मस्त तरुणी सिमाथी उसले बी ए मा पाकशास्त्रको विषय लिएकी थिइन जस्तै रायुलाई आकर्षित गर्‍यो। कुबेर सिहले आफ्नो मनको कुरा रामुको आमालाई पनि भने। रामुको आमाले रुपवती जस्तो बुहारी पाउनमा आफुलाई धन्य मानिन्। देखी समयमा दुइको विवाह पनि सम्पन्न भयो ।

आफ्नी बुहारीलाई भार सुम्पी रामुकी आमा घर निवृत्त। अब देखि पतीले बी० ए० मा सिकेको पाकशास्त्रको तरिकाले खाना तैयार गर्ने प्रयास गरिन् । दश जनाको लागि पुग्ने र स्वादिष्ट 'खानाको स्केल तथार हुन थाष्यो लाग्थ्यो । चावल, आटा, दाल, सब्जी, तरकारी, प्रचार, चटनी, दूध, दही, घीउ, तेल इत्यादि कैयों चीजहरूको स्कूल तैयार हुन थाल्यो। दिउँसोको भोजन चारबजे भन्दा पहिले र बेलुकाको भोजन रातीको एगारह बजे भन्दा अधि ''मुस्किलले पाउन थाल्यो त्यसमाथि पनि कहिले धेरै पाकेको या काँचो, अलिनो र कहिले चर्को हुन्थ्यो । ''ठीक प्रकारले बनेको खाना पाउन दुर्लभ हुनथाल्यो । रामुकी आमा र नौकरहरू हैरान भए तर गर्नु के । रामु र रुपवतीले भने खाता चाएदा नै आफ्नो भुंड़ी भरी हाल्थे। रामुको आमाको लागि

बुहारीको पाकशास्त्र ने फाईदा गराउनको सट्टामा नुकसान गरायो। बुहारीलाई संधै अनुभवी हुने अर्ती दिन थालिन् रूपवतीलाई अति मन्त्र परेन सासू बुहारीमा झगड़ा हुन थाल्यो। सासूको भनाई थियो कि स्कूलमा पढेर मात्र स्वादिष्ट भोजन बनाउँन सकिन, साथसाथै अनुभव पनि हासिल गर्नु पर्छ र मात्र राम्रो हुन्छ।

जसो तसो समय बित्दै गयो । रूपवतीले एउटा छोरा जन्माइन् । यस हर्ष बढाईमा सारा गाउँका मानिसहरू र आफ्ना कुटुम्बहरूलाई भोजन गराइयो। अब रूपवती अनुभवी भई सकेकी थिइन्। भोजन भने उनको स्केलले बनाएको हिसाबले हुन्थ्यो तथा स्वादिष्ट पनि। सासूको भने मन पटक भाँछिड सकेको थियो। रूपवतीले पनि उनी प्रति घेरै ध्यान दिदैन थिइन। रामुकी आमा विस्तार बिसंचो रहन थालिन। रामु र रूपवतीको ध्यान भने भरखर जन्मेको बालक धनकुमारमा केंद्रित थियो। धनकुमार सबकी खेलौटो भयो तर रामु को माताले हातमा उसलाई खेलाउने घेरै मोका पाउंदैन थिइन् । शायद बुहारीले त्यो मन पराउँदैन थिइन होली ।

समय बित्दै गयो तथा त्यस्तै प्रकारले रामुको पारिवारिक जीवन व्यतीत भएको पन्द्रह वर्ष भयो। परिवार छ जना छोरा छोरीहरु थपिए।

# कविता

मायालु तिमी टाड़ा न जाऊ  
अब खोजी बस्नु म सक्दिन।  
थाकि सकें अब लुकामारी खेल्नु  
सक्दिन।  
यो बादलुमा हराए कहाँ खोज्नु म,  
तिम्रो खोजीमा भटकी रहनु सक्दिन।  
आँखा को बन्द परेलीमा राखी,  
आफै लाई भुल्याउनु सक्दिन।

मायालु तिमी टाड़ा न जाऊ।  
यो पहाडी पहराहरूमा  
आवाज दिन्छु,  
तिम्रै नामको प्रतिध्वनि सुन्छु।  
कहाँ छौ तिमी,? कहाँ छौ तिमी? ?  
तिमी अब टाड़ा न जाऊ।  
हाँस खेल गर्ने तिम्रो बानी,  
हाँसी रहेकी नै देख्छु।

गीत तिम्रो ती पहाडी झरनामा4  
आज पनि सुन्छु।  
बिर्सन्न  है बिर्सन्न।  
कहाँ खोज्नु म ?  
तिमी टाड़ा न जाऊ।  
मायालु तिमी टाड़ा न जाऊ।

हरि किशन '' देहरादुने

# शुभकामना

**2022 नयाँ वर्षको उप्लक्षमा ईश्वरले सबैलाई सुख – शान्ति, सफलता, सुस्वस्थ, सुरक्षा, समृद्धि प्रदान गरुन् अनि निरन्तरता सित प्रगतिको पथमा शान्तिसित अघि बडीरहुन।**

**शुभेच्छुक**

**श्री पदम थापा**

**अध्यक्ष एवं शाखाध्यक्ष**

**तथा कार्यकारिणीगण गोर्खाली सुधार सभा**



**All India Gorkha Ex-Serviceman Wellfare Association**
नव निर्वचित कार्यकरिणी अध्यक्ष कर्नल (आ.प्रा.) आर.एस. क्षेत्री



भारतीय गोर्खा परिसंघ, (उत्तराखण्ड राज्य) को नवनिर्वाचित कार्यकारिणी
अध्यक्ष कर्नल (आ.प्रा.) जीवन कुमार क्षेत्री



उत्तराखण्ड राज्य नेपाली भाषा समितिको नवनिर्वाचित कार्यकारिणी
अध्यक्ष श्री मधु सुधन शर्मा



**AIGEWA** को वार्षिक बैठकमा विभिन्न राज्यबाट आएका प्रतिनिधिहरुको सम्मानमा सभा द्वारा आयोजित भोजनमा अतिथीहरु



गोर्खाली सुधार सभा को प्रस्तावति शाखा गंगोल पंडितवाडी भारतवाला, शिष्टचार भेटघाठ, सभा अध्यक्ष, कार्यकारिणी तथा ग्रामवासी माझ